# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७५।११।२२ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको।

---

जिल्ला कञ्चनपुर बेलौरी नगरपालिका कार्यालयका सव इन्जिनियर हृदयराज बजगाईले बेलौरी नगरपालिका अन्तरगत स्लेभ कल्भर्ट निर्माण कार्य सम्पन्न भई सकेको ठेक्काको अन्तिम रनिङ बिल फर-फारक गराउने प्रयोजनको लागि घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले निज सव इन्जिनियर हृदयराज बजगाईलाई सेवाग्राहीसँग रु.६०,०००।- (साठी हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सव इन्जिनियर हृदयराज बजगाईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.६०,०००।-(साठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता